ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

प.सं.एशियन लाईफ च.नं.क.प्र. ४३६४/०७८/०७९

मिति: २०७८/११/०१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

एशियन लाईफ इन्स्योरेन्स कं. लि. स्था: २०६४ प्रधान कार्यालय, काठमाडौं

**बिषय : १३औं बार्षिक साधारण सभाको निर्णय ( माईन्यूट) बारे ।**

महोदय ,

यस कम्पनीको आ.ब.२०७६/०७७ को १३औ बार्षिक साधारणसभा मिति २०७८/१०/२१ गते शुकवार सम्पन्न भएकोले कम्पनीको साधारण सभाले गरेका निर्णय (माईन्यूट) जानकारीको लागि यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न:**
१.माईन्यूट – थान १

भवदीय,

(प्रकाश सिंह कठायत )
कम्पनी सचिव

**बोधार्थ:**

१.श्री बीमा समिति
कुपण्डोल, ललितपुर । — जानकारीको लागि ।

२.श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल ललितपुर । — जानकारीको लागि ।

३.श्री सि डि एस एण्ड क्लियरीङ लि
पुतलीसडक, काठमाण्डौ । — जानकारीको लागि ।

४.श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ । — जानकारीको लागि ।

**एशियन लाईफ इन्स्योरेन्स कं. लि.**
एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं, नेपाल फोन : ४४३०२७०, ४४१०११५, फ्याक्स नं. ४४४२१३८, पो.ब.नं. २५९४३
ईमेल: asianlife@asianlife.com.np, वेभसाइट: www.asianlife.com.np

"आर्थिक अभियान दैनिक मिति २०७८/१०/२९ गतेको पत्रिकामा प्रकाशीत"

# १३औं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय (माईन्यूट) विवरण सम्बन्धमा

# एशियन लाईफ ईन्स्यरेन्स कम्पनी लिमिटेड

## कम्पनी ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिमको सूचना

१. **सभाको संचालन :** एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १३औं वार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूको अध्यक्षतामा २०७८/१०/२१ गते शुक्रबार (तदनुसार, फेब्रुअरी ४, २०२२) भर्चुअल माध्यमबाट एशियन लाइफ भवन, मैतीदेवी, काठमाण्डौंमा सम्पन्न भयो ।

२. **शेयरधनीहरुको उपस्थिति:** शेयरधनीहरु स्वंय तथा अनलाइन मार्फत २८ जना, शेयरधनीहरुको प्रोक्सि मार्फत ७३ जना गरी जम्मा १०१ जना तथा जम्मा उपस्थिती शेयर संख्याको आधारमा ५२.२५ प्रतिशत थियो ।

३. **सूचना प्रकाशन:** कम्पनीको १३औं वार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०७८/०९/२९ गतेको अंकमा पहिलो पटक तथा मिति २०७८/१०/१७ गते सोही पत्रिकाको दोश्रो पटक साथै वार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा हुलाक, कुरीयर र कर्मचारी मार्फत पठाईएको थियो । साथै कम्पनीको वार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेवसाईटमा समेत राखिएको थियो ।

४. **वार्षिक प्रतिवेदन प्रस्तुती :** सभाका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूले आर्थिक बर्ष २०७६/०७७ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

६. **सभाको प्रस्ताव तथा निर्णयहरु:** साधारणसभाबाट छलफल पश्चात निम्नानुसार प्रस्तावहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**(क) सामान्य प्रस्ताव :**

**प्रस्ताव नं.१.** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

**निर्णय नं.१.** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६/०७७ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

**निर्णय नं.२.** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६/०७७ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३.** संचालक समितिबाट प्रस्तावित २ प्रतिशत नगद लाभांश (लाभांशको बोनस तथा नगद सहित) पारित गर्ने बारे ।

**निर्णय नं.३.** संचालक समितिबाट प्रस्तावित २ प्रतिशत नगद लाभांश (लाभांशको बोनस तथा नगद सहित) पारित गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं.४.** आर्थिक वर्ष ०७७/७८ को लागि लेखापरिक्षण समितिको सिफारीश बमोजिम बाह्य लेखा परिक्षक श्री एस ए आर एशोसियट्स, चार्टड एकाउन्टेन्ट श्री सुनिल कुमार ढुंगेललाई पारिश्रमिक वापत रु.२,००,०००।- (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गरिएकोमा सो अनुमोदन गर्ने बारे ।

**निर्णय नं.४.** आर्थिक वर्ष ०७७/७८ को लागि लेखापरिक्षण समितिको सिफारीश बमोजिम बाह्य लेखा परिक्षक श्री एस ए आर एशोसियट्स, चार्टड एकाउन्टेन्ट श्री सुनिल कुमार ढुंगेललाई पारिश्रमिक वापत रु.२,००,०००।- (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गरिएकोमा सो अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं.५.** यस कम्पनीको ५१% स्वामित्व रहेको एशियन क्यापिटल लि.मा सामूहिक लगानी कोष (Mutual fund) संचालन गर्न सम्बन्धित नियामक निकायबाट स्वीकृती लिने तथा सो को कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने बारे ।

**निर्णय नं.५.** यस कम्पनीको ५१% स्वामित्व रहेको एशियन क्यापिटल लि.मा सामूहिक लगानी कोष (Mutual fund) संचालन गर्न सम्बन्धित नियामक निकायबाट स्वीकृती लिने तथा सो को कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सर्व सम्मतिले निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

**प्रस्ताव नं.६.** आर्थिक वर्ष २०७६/७७ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजीको २५ प्रतिशतका दरले हुने रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.६.** आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सानबाट २५% बोनस शेयर वितरण गर्ने सम्बन्धमा हालको चुक्ता पूँजीको २५% र सो बोनस शेयर वितरण गर्दा दशमलवमा आउनेलाई पूर्णाङ्क हुन सम्बन्धित शेयरधनीबाट नपुग रकम प्राप्त गरी रु.५२,९०,७४,२७२.९६ बराबरको बोनश शेयर वितरण गर्ने निर्णय गरियो । साथै सोही बमोजिम प्रबन्धपत्रमा समेत जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७.** प्रस्ताव नं.६ मा उल्लेख भएको उल्लेखित बोनश शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.७.** निर्णय नं. ६ मा उल्लेख भएको उल्लेखित बोनश शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो । ।

**प्रस्ताव नं.८.** विशेष प्रस्ताव अन्तर्गत नं.७ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**निर्णय नं.८.** विशेष प्रस्ताव अन्तर्गत नं.७ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्रको दफा ६.१(ख) र ६.१(घ) संलग्न तीन महले बमोजिम संशोधन गर्न सर्व सम्मतिले संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.९.** कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) अनुसारको खर्च रकमलाई अनुमोदन गर्ने बारे ।

**निर्णय नं.९.** कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) अनुसारको खर्च रकमलाई अनुमोदन गर्ने सर्व सम्मतिले निर्णय गरियो ।

ग) **विविध:** बिबिध शिर्षक अन्तर्गत छलफलको बिषयहरु प्रस्तुत नभएको ।


ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

**प्रधान कार्यालय**
एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौं
फोन नं. ०१-४५१०११४, ४४३०२७०
इमेल: asianlife@asianlife.com.np
www.asianlife.com.np